# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, कात्तिक ११ गते २०४८ साल (संख्या २८

## भाग ४

### श्री ५ को सरकार
### मन्त्रिपरिषद् सचिवालयको
### सूचना १

श्री ५ को सरकारले मिति २०४८।६।११ को निर्णयानुसार निर्वाचन आयोगका सचिव श्री अच्युतनारायण राजभण्डारीलाई निजामती सेवा नियमावली, २०२१ को नियम ७ क २ को उपनियम (१) बमोजिम विशिष्ट श्रेणीको सचिव पदमा ५ वर्षको सेवा अवधि मिति २०४८।६।११ मा पूरा गरेकोले सोही मितिदेखि सरकारी नोकरी-बाट अवकाश दिएको छ ।

### सूचना २

श्री ५ को सरकारले मिति २०४८।६।११ को निर्णयानुसार सामान्य प्रशासन मन्त्रालय, अतिरिक्त समूहको विशिष्ट श्रेणीका अधिकृत श्री ववुअन ठाकुरलाई निजामती सेवा नियमावली, २०२१ को नियम ७ क १ को उपनियम (१) बमोजिम विशिष्ट श्रेणीको पदमा ५ वर्षको सेवा अवधि मिति २०४८।६।११ मा पूरा गरेकोले सोही मितिदेखि सरकारी नोकरीबाट अवकाश दिएको छ ।

आज्ञाले,
दामोदरप्रसाद गौतम
श्री ५ को सरकारको मुख्य सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।